# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

च.नं.-१९६१

मिति २०७६।११।१

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै (कक्षा ८ संचालित)
कालिका नगरपालिका, चितवन ।

**विषय निर्देशन सम्बन्धमा ।**

कालिका नगरपालिका आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षा समिति को मिति २०७६।११।१ को निर्णय अनुसार परीक्षा संचालन तथा व्यवस्थापन गर्न तपसील अनुसारको निर्देशन गरिएको छ ।

१. आधारभूत शिक्षा उत्तीर्ण परीक्षाका लागि परीक्षार्थीहरुले भर्नु पर्ने परीक्षाफाराम भरी रुजु गरी २०७६ साल फाल्गुण महिनाको ५ गते भित्रमा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

२. संस्थागत विद्यालयले परीक्षा दस्तुर बापत परीक्षार्थीबाट कुनै शुल्क उठाउन पाउने छैनन् ।

३. आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा सहभागीहुने परीक्षार्थीको उमेर यस वर्षको चैत्र मसान्त सम्ममा १२ वर्ष पुरा भएको हुनु पर्नेछ । अर्थात परीक्षार्थीको जन्ममिति २०६४ चैत्र मसान्तभन्दा पछि हुनुहुँदैन । मिति २०६५ बैशाख यता जन्मेका परीक्षार्थीले फाराम भरेमा त्यस्ता परीक्षार्थीको फाराम स्वीकृत गरिने छैन ।

४. परीक्षा फाराम भर्दा परीक्षार्थीको जन्मदर्ता तथा कक्षा ७ उत्तीर्ण गरेको व्यहोरा खुल्ने लब्धाङ्क पत्र वा मार्कलेजर समेत अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । अन्यथा परीक्षा फाराम स्वीकृत गरिने छैन ।

५. विद्यार्थीको रजिस्ट्रेशन नम्बर कायम गर्दा गतवर्ष का न.पा.ले उपलब्ध गराएको विद्यालय कोड प्रयोग गर्नुपर्नेछ । Student number को Block मा विवरण भर्दा विद्यार्थीको नाम अनुसार अंग्रेजी अल्फाबेट (A,B,C,D.......) का आधारमा बर्णानुक्रम मिलाई भर्नु पर्नेछ ।

६. विद्यार्थीको सिम्बोल नम्बर कायम गर्दा विद्यालयको कोड र Student number को Block मा भएको वर्णाणुक्रम संख्याको आधारमा कायम गर्नु पर्नेछ ।

जस्तै : नगरपालिकाले उपलब्ध गराएको विद्यालयकोड 4 छ र Alphabetical order मिलाउदा कुनै विद्यार्थी बाह्रौं नम्बरमा परेको छ भने सो विद्यार्थीको सिम्बोल नम्बर **4201012** कायम हुन्छ ।

७. प्रयोगात्मक परीक्षा सञ्चालन गरी समष्टिगत फाराममा अंग्रेजीमा (हिन्दु अरेबिकमा ) अंक प्रविष्ट गरी नगरपालिकामा पेश गर्नु पर्नेछ र सो को दुरुस्त अभिलेख विद्यालयमा सुरक्षित राख्नुपर्नेछ ।

८. प्रयोगात्मक परीक्षा सञ्चालन गरी नगरपालिकाले उपलब्ध गराएको समष्टिगत फारामको ढाँचा परिवर्तन नगरी दुरुस्त भरी ई-कपी सहित तोकिएको समय भित्र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

९. यस वर्ष सञ्चालन हुने आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको परीक्षा तालिका तपसिल बमोजिमहुने व्यहोरा जानकारी गराईन्छ :

| आधारभूत शिक्षा उत्तीर्ण परीक्षा-२०७६ | परीक्षा समय : १:३० बजेबाट | | |
|---|---|---|---|
| क्र.सं. | विषय | मिति | कैफीयत |
| १. | अंग्रेजी | २०७६।१२।११ | |
| २. | नेपाली | २०७६।१२।१२ | |
| ३. | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | २०७६।१२।१३ | |
| ४. | विज्ञान तथा वातावरण | २०७६।१२।१४ | |
| ५. | गणित | २०७६।१२।१६ | |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | २०७६।१२।१७ | |
| ७. | पेशा व्यवसाय र प्रविधि शिक्षा | २०७६।१२।१८ | |
| ८. | कम्प्युटर/ अन्य स्थानिय विषय..... | २०७६।१२।१९ | |

१०. थप जानकारीका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ ।

११ परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ ।

उप सचिव